



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५७ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३० अंक ४ | वैशाख – असार २०८० | Year 30 Vol 4 | May. 2023 - July. 2023


## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व.२०७९/०८० को चौथो त्रैमाससम्मको वित्तीय विवरण सार्वजनिक

## •खुद मुनाफा चार अर्ब ९१ करोड •निक्षेप तीन खर्ब २१ अर्ब •कर्जा दुई खर्ब ४५ अर्ब

**काठमाडौं, २१ साउन**

नेपाल सरकारको स्वामित्व रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व.२०७९/८० को चौथो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरणहरु प्रकाशित भएको छ । बैंकले यस अवधिमा रु. ४ अर्ब ९१ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ। गत आ.व. को सोही अवधिमा बैंकको खुद मुनाफा ४ अर्ब २९ करोड रुपैया रहेको थियो। यस अवधिमा बैंकको कर्जा लगानी तथा ब्याज आम्दानी बढेकोले खुद मुनाफा बढेको हो।



आ.व. २०७९/०८० को बैंकको खुद ब्याज आम्दानी रु. १२ अर्ब ३५ करोड (गत वर्ष रु. ९ अर्ब २९ करोड), कुल सञ्चालन आम्दानी रु. १३ अर्ब ८५ करोड (गत वर्ष रु. १० अर्ब ९८ करोड), खुद सञ्चालन नाफा रु. १२ अर्ब ७७ करोड (गत वर्ष रु. १० अर्ब ६३ करोड), वितरणयोग्य मुनाफा रु. १ अर्ब ८१ करोड रहेको छ, कुल समग्र आम्दानी (Total Comprehensive Income) रु. २२ अर्ब ४० करोड (गत वर्ष रु. २ अर्ब २८ करोड) रहेको छ। बैंकको जग्गाको पुन:मुल्याङ्कन भएकाले कुल समग्र आम्दानी बढेको हो।

२०८० असार मसान्तमा बैंकको ग्राहक निक्षेप रु.३ खर्ब २१ अर्ब र खुद कर्जा तथा सापट रु. २ खर्ब ४५ अर्ब पुगेको छ। अघिल्लो वर्षको सोही मितिको तुलनामा बैंकको निक्षेपमा २४.४९ प्रतिशत र कर्जा तथा सापटमा ८.१९ प्रतिशतले वृद्धि भएको छ।

२०८० असार मसान्तसम्ममा पुँजी कोष अनुपात (Capital Adequacy Ratio) १३.६५ प्रतिशत, कर्जा तथा निक्षेप अनुपात (CD Ratio) ७६.३० प्रतिशत, आधार दर (त्रैमास औसत) ८.०२ प्रतिशत भएपनि असारको ७.७९ प्रतिशत रहेको छ। निष्क्रिय कर्जा अनुपात (NPA) २.९५ प्रतिशत, ब्याजदर अन्तर (Spread Rate) ३.९८ प्रतिशत, कोषको लागत दर (Cost of Fund) ६.११ प्रतिशत तथा प्रतिशेयर आम्दानी (Earning Per Share) रु.३३.९६ रहेको छ।

आ.व.२०७९/८० को चौथो त्रैमाससम्मको समिक्षा अवधिमा बैंकले खुद मुनाफा, कुल समग्र आम्दानी, कर्जा, निक्षेप, कर्जाको गुणस्तर लगायत समग्र व्यावसायिक नतिजाहरुमा उत्साहजनक प्रगति हासिल गर्न सफल भएको छ भने नेपाल राष्ट्र बैंकले निर्धारण गरेको सूचकाङ्कहरु परिपालना गर्न तथा प्रमुख परिसूचकहरुमा सुविधाजनक स्थिति कायम गर्न सफल भएको छ।

बैंकको उपरोक्त सफलताको लागि उल्लेखनीय योगदान पुऱ्याउनु हुने सम्पूर्ण निक्षेपकर्ता, कर्जा ग्राहक, शेयरधनी, नेपाल सरकार, कार्यरत कर्मचारी लगायत समग्र सरोकारवालाहरु प्रति बैंक हार्दिक धन्यवाद प्रकट गर्दछ साथै भविष्यमा अझै उत्कृष्ट सेवा प्रदान गर्दै उत्कृष्ट नतिजा हासिल गर्ने प्रतिवद्धता व्यक्त गर्दछ।

उक्त वित्तीय विवरणहरु बैंकको website: www.rbb.com.np मा समेत राखिएको छ।

## राष्ट्रिय वाणिज्य बैंकद्वारा एघार वटा शाखा विस्तार

**काठमाडौं, ३१ असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले देशको विभिन्न स्थानमा एघार वटा शाखा कार्यालय विस्तार गरेको छ । सिरहा जिल्ला स्थित शाखा कार्यालय गोलबजार, बैतडी जिल्ला स्थित शाखा कार्यालय पाटन, दार्चुला जिल्ला स्थित शाखा कार्यालय गोकुलेश्वर , मोरङ जिल्ला स्थित शाखा कार्यालय बिराटचोक, मकवानपुर जिल्ला स्थित शाखा कार्यालय सानोपोखरा, ललितपुर जिल्ला स्थित शाखा कार्यालय ग्वार्को तथा मंगलबजार, सुर्खेत जिल्ला स्थित शाखा कार्यालय छिन्चु, कालिकोट जिल्ला स्थित शाखा कार्यालय रास्कोट, दैलेख जिल्ला स्थित शाखा कार्यालय राकम कर्णाली र स्याङजा जिल्ला स्थित शाखा कार्यालय वालिङ को कारोबार शुभारम्भ गरिएको छ। यस पश्चात बैंकको देशभर २८२ वटा शाखा कार्यालय सञ्चालनमा आएको छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले राष्ट्रिय वाणिज्य बैंकले कर्णाली प्रदेशमा मात्र ३ वटा शाखा कार्यालय सहित शहरी क्षेत्रमा शाखा सञ्चालन गरी प्राथमिकताका साथ आम नागरिकमा आधुनिक बैकिङ्ग सेवा प्रवाह गरिरहेको बताउनुभयो।



# राष्ट्रिय वाणिज्य बैंक लि. र नेपाल संस्कृत विश्वविद्यालय बीच सम्झौत




**काठमाडौं, २५ बैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल संस्कृत विश्वविद्यालयबीच विश्वविद्यालयका कर्मचारीहरुलाई पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने सम्बन्धमा सम्झौता भएको छ । विश्वविद्यालयका उपकुलपति प्रा.डा.यादवप्रकाश लामिछानेको उपस्थितिमा भएको सम्झौतापत्रमा विश्वविद्यालयका कुलसचिव(रजिष्ट्रार) माधव अधिकारी र राष्ट्रिय वाणिज्य बैंकका लुम्बिनी प्रादेशिक प्रबन्धक गणेशचन्द्र पौडेलले हस्ताक्षर गर्नुभएको छ ।

उक्त सम्झौता विश्वविद्यालयमा कार्यरत तोकिएको सेवाअवधि पूरा गरेका कर्मचारीहरुलाई विश्वविद्यालयको सिफारिसमा अधिकतम पन्ध्र लाख रुपैया सम्म बैंकको उपभोक्ता कर्जा निर्देशिका, २०७७ को अधिनमा रही बैंकले पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने छ । बैंकले आधार दरमा प्रिमियम जोडी ब्याजदर कायम गरी कर्जा लगानी गर्ने छ । हाल बैंकको आधार दर ८।०२ प्रतिशत रहेको छ । हाल विश्वविद्यालयका कर्मचारीहरुको तलबी खाता तथा पेन्सन खाता बैंकले सञ्चालन गर्दै आइरहेको छ । यस सम्झौता पश्चात दुवै पक्ष लाभान्वित हुने विश्वास गरिएको छ । बैंकले विश्वविद्यालयको इ-लाइब्रेररी सञ्चालनका लागि सीएसआर अन्तर्गत सहयोग समेत गरेको छ । कार्यक्रममा शिक्षाध्यक्ष प्रा.डा.भीमप्रसाद खतिवडा, बैंकका शाखा कार्यालय तुलसीपुरका शाखा प्रबन्धक गोपाल आचार्य लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# बैंकको एक्सटेन्सन काउन्टर जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा



**काठमाडौं, २१ असार**

लुम्बिनी प्रदेश कपिलवस्तु जिल्ला प्रशासन कार्यालय परिसर, तौलिहवामा राष्ट्रिय वाणिज्य बैक लिमिटेडको ६५ औं एक्सटेन्सन काउन्टरको एक समारोहका बीच शुभारम्भ गरिएको छ । एक्सटेन्सन काउन्टरको कपिलवस्तु नगरपालिकाका प्रमुख सुदिप पौडेल र जिल्ला प्रशासन कार्यालय कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले रिबन काटेर संयुक्त रुपमा समुद्घाटन गर्नुभयो । शाखा कार्यालय तौलिहवा मार्फत रहने सो एक्सटेन्सन काउन्टरबाट जिल्ला प्रशासन कार्यालयबाट लिईने राजश्व, धरौटी, सेवा शुल्क, दस्तुर लगायत अन्य ग्राहकहरुले समेत बैंकिङ्ग सेवा लिन सकिने छ ।

उक्त अवसरमा शाखा कार्यालय तौलिहवाका शाखा प्रबन्धक अर्जुनराज काफ्ले लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# बैतडीको गढीमा राष्ट्रिय वाणिज्य बैंकको एक्सटेन्सन काउण्टर सञ्चालनमा




**बैतडी, २ असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालय बैतडी अन्तर्गत दशरथचन्द नगरपालिका वडा नं. ४ गढी स्थित दशरथचन्द नगरपालिका परिसरमा ६३ औं एक्सटेन्सन काउण्टर सञ्चालनमा आएको छ ।

राष्ट्रिय वाणिज्य बैंक बैतडी शाखाका शाखा प्रबन्धक दीपेन्द्रप्रसाद अवस्थीको अध्यक्षतामा एक समारोहका बीच आयोजित कार्यक्रममा दशरथचन्द नगरपालिकाका नगरप्रमुख पुष्करराज जोशी तथा जिल्ला प्रशासन कार्यालय बैतडीका प्रमुख जिल्ला अधिकारी सुरेश पन्थीले संयुक्त रुपमा उक्त काउण्टरको समुद्घाटन गर्नुभएको हो । जिल्लास्थित सम्पूर्ण सरकारी कार्यालयका कार्यालय प्रमुख तथा कर्मचारीहरु, दशरथचन्द नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, सुरक्षा निकायका प्रमुखहरु, मिडियाकर्मी तथा आम सर्वसाधारण नागरिकहरुको उपस्थितिमा सो कार्यक्रम सम्पन्न भएको हो ।

गढी क्षेत्रमा अवस्थित विभिन्न संघीय सरकारी कार्यालयहरु, दशरथचन्द नगरपालिका तथा आम सेवाग्राहीहरुलाई मध्यनजर गरी विगत लामो समयदेखि उक्त क्षेत्रमा बैंकको उपस्थिति रहनुपर्ने माग चौतर्फी रुपमा आइरहेकोमा प्रमुख जिल्ला अधिकारी सुरेश पन्थीले यस बैंकको एक्सटेन्सन काउण्टर स्थापनाले सहज बैंकिङ्ग सेवा विस्तार हुनेमा आफु विश्वस्त रहेको बताउनुभयो । जिल्ला प्रशासन कार्यालयमा मुख्यतया राहदानी बनाउन दूरदराजबाट आउने सेवाग्राहीहरुले राजश्व जम्मा गर्न भोग्नु परिरहेको सास्ती अन्त्य भएको समेत उहाँले बताउनुभयो ।

त्यसैगरी नगरप्रमुख पुष्करराज जोशीले वर्तमान समयमा डिजिटल बैंकिङ्गको प्रयोग बढ्दो क्रममा रहेको भएतापनि समाजको वर्तमान आवश्यकतालाई मध्यनजर गरी एक्सटेन्सन काउण्टर स्थापनार्थ पहलकदमी लिनुपरेको अवगत गराउनुभयो । यसलाई उहाँले वित्तीय पहुँच विस्तारको परिसूचकको रुपमा लिंदै समग्र राष्ट्रिय वाणिज्य बैंक परिवारलाई धन्यवाद ज्ञापन गर्नुभयो । समयक्रमसँगै सेवाग्राहीहरुको आवश्यकतालाई ध्यान दिंदै अनवरत रुपमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडसँग निरन्तर सहकार्य गरिरहने प्रतिबद्धता समेत उहाँले जाहेर गर्नुभयो ।

# हुलाक बचत बैंकमा रहेका खाताहरू राष्ट्रिय वाणिज्य बैंकमा हस्तान्तरण

नेपाल सरकार
हुलाक सेवा विभाग
Nepal Government
Postal Services Department

**काठमाडौं, २५ असार**

नेपाल सरकारको आ.व.२०८०/०८१ को वार्षिक बजेटमा व्यवस्था भई नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम हुलाक बचत बैंकमा रहेका खाता एवं बचत रकम हुलाक सेवा विभागले राष्ट्रिय वाणिज्य बैंकमा हस्तान्तरण गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा हुलाक सेवा विभागका महानिर्देशक ईन्दु घिमिरे र बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ ।

देशभरका ६८ हुलाक कार्यालयबाट करिब ५७ हजार सर्वसाधारणको बचत खाता तथा करिब एक हजार सात सय कर्मचारीहरुको ऋण लगानीका खाताहरु विभागले बैंकका विभिन्न शाखा कार्यालयहरु मार्फत विवरण हस्तान्तरण भएको छ। हुलाक बचत बैंकका निक्षेपकर्ताहरुले रा.वा.बैंकको नजिकैका शाखा कार्यालयमा गई नियमानुसार खाता अद्यावधिक गरी आफ्नो नियमित कारोबार साउन १ गते देखि गर्न सक्नेछन्। यसरी खोलिने सम्पूर्ण खातावालाहरुलाई बैंकले चेकबुक, एटिएम कार्ड, मोवाइल बैंकिङ्ग सेवा, एसएमएस सेवा निशुल्क उपलब्ध गराउने छ।

नेपाल सरकारले हुलाक कार्यालयलाई आ.व.२०३२/०३३ सालदेखि सर्वसाधारणको बचत सङ्कलन गर्ने र आ.व.२०६०/०६१ देखि ऋण लगानी समेत गर्ने अनुमति दिएको थियो । हुलाक बचत बैंकको कार्यक्षेत्र निक्षेप सङ्कलनमा सर्वसाधारण र ऋण लगानीमा नेपाल सरकार सञ्चार तथा सुचना प्रविधि मन्त्रालय र अन्तर्गतका स्थायी कर्मचारीहरु रहदैं आएको छ।

# राष्ट्रिय वाणिज्य बैंकले असार महिना भित्र ब्याज भुक्तानी गर्दा ५% छुट प्रदान

**काठमाडौं, १ असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले राष्ट्रको व्यवसायिक क्षेत्रमा भएको असहज परिस्थितिलाई मध्यनजर गर्दै मिति २०८० असार १ गतेदेखि ३१ गतेसम्म सबै प्रकारको कर्जाको ब्याज भुक्तानी गर्दा भुक्तानी गरिएको रकमको ५ प्रतिशत रकम सम्पूर्ण ऋणीहरुलाई छुट दिएको छ।

ब्याज जुनसुकै प्रकारको कर्जाको वर्गिकरण(असल, सुक्ष्म निगरानी, कमशल, शंकास्पद, खराब), जतिसुकै अवधिको Overdue, Normal तथा Penal ब्याजको आंशिक वा पूरा भुक्तानीमा समेत छुट प्रदान गरिएको छ। ब्याज छुट रकम सम्बन्धित ऋणीको खातामा फिर्ता/जम्मा गरियो ।

# बैंकको ६४औं एक्सटेन्सन काउन्टर प्रहरी प्रधान कार्यालय नक्सालमा



**काठमाडौं, १२ असार**

राष्ट्रिय वाणिज्य बैक लिमिटेडले प्रहरी प्रधान कार्यालय नक्साल परिसरमा ६४औं एक्सटेन्सन काउन्टरको शुभारम्भ गरेको छ । प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले एक समारोहका बीच एक्सटेन्सन काउन्टरको समुद्घाटन गर्नुभएको छ। शाखा कार्यालय नक्साल मार्फत रहने सो एक्सटेन्सन काउन्टरबाट नगद/चेक जम्मा, चेक भुक्तानी, स्टेटमेन्ट, मोवाइल बैंकिङ्ग सेवा, एटिएम सेवा लगायतको रकम जम्मा गर्न सकिने छ।

कार्यक्रममा प्रहरी महानिरीक्षक कुँवरले नेपाल प्रहरी र बैंकबीचको लामो समयदेखिको सहकार्यको प्रशंसा गर्दै एक्सटेन्सन काउन्टरबाट प्रहरीहरुलाई बैंकिङ्ग सेवा लिन थप सहज हुने बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सबै ग्राहकले सेवा लिन सकिने एक्सटेन्सन काउन्टरबाट धेरै प्रकारका बैंकिङ्ग सेवा दिने बताउँदै नेपाल प्रहरीसँगको सहकार्यका लागि आभार व्यक्त गर्नुभयो। उहाँले बैंकको बेसरेट सस्तो भएकाले कर्जाको ब्याजदर कम भएको बताउँदै प्रविधिमा आधारित सेवालाई बैंकले जोड दिएको बताउनुभयो । उपकार्यकारी अधिकृत पवन रेग्मीले स्वागत मन्तब्य व्यक्त गर्नुभएको कार्यक्रममा ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख आनन्द सुवेदीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । सो अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षकहरु डा. आशा सिंह, टेकप्रसाद राई, दिपक थापा, सुदिप गिरी, टेकबहादुर तामाङ्ग, बैकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, उपकार्यकारी अधिकृतहरु, बागमती प्रादेशिक कार्यालयका प्रबन्धक, शाखा कार्यालय नक्सालका शाखा प्रबन्धक लगायत बरिष्ठ प्रहरी अधिकृतहरु तथा बैंकका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



# बैंकद्वारा कर्मचारीलाई उत्कृष्ठ बैंक सेवा पुरस्कार प्रदान

**काठमाडौं, २५ बैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५८ औं वाषिकोत्सवको अवसरमा २०७९ माघ १० गते घोषणा गरिएका आ.व. २०७७/०७८ र २०७८/०७९ मा उत्कृष्ट कार्य सम्पादन गर्ने बैंकका शाखा कार्यालयहरु तथा कर्मचारीहरुलाई एक समारोहका बीच बैंक सञ्चालक समितिका अध्यक्ष डा.बलराम पाठकले पुरस्कार वितरण गर्नुभयो । कार्यक्रममा सर्वोत्कृष्ठ कार्य सम्पादन गरे वापत सर्वोत्कृष्ठ बैंक पुरस्कार आ.व. २०७८/०७९ को मानव संशाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरे र आ.व. २०७७/०७८ को ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख सरोज वस्नेतलाई जनही नगद रु ५० हजार सहित प्रमाणपत्र प्रदान गरिएको थियो । त्यसैगरी उत्कृष्ठ कार्य सम्पादन गरे वापत आ.व. २०७८/०७९ मा अन्य ३३ जना र आ.व. २०७७/०७८ मा अन्य ३३ जना कर्मचारीलाई उत्कृष्ट बैंक सेवा पुरस्कार जनही नगद रु २० हजार सहित प्रमाणपत्र प्रदान गरिएको थियो ।



सो अवसरमा शाखा कार्यालयहरुमध्ये सर्वप्रथम हुने आ.व. २०७८/०७९ मा शाखा कार्यालय बिराटनगर र आ.व. २०७७/०७८ शाखा कार्यालय सुर्यविनायकलाई प्रति शाखा नगद रु ५० हजार सहित प्रमाणपत्र प्रदान गरियो । त्यसैगरी अन्य उत्कृष्ट कार्य सम्पादन गर्ने आ.व. २०७८/०७९ मा १७ वटा शाखा र आ.व. २०७७/०७८ मा अन्य १७ वटा शाखा कार्यालयका प्रबन्धकहरुलाई जनही नगद रु १० हजार देखि रु ३० हजार सम्म र प्रमाणपत्र प्रदान गरियो । साथै, कार्यक्रममा कर्मचारीहरुलाई बरिष्ठ बैंकर्स अनिल केशरी शाहबाट “ट्रान्सफरमेशनल लिडरशिप” विषयमा प्रशिक्षण समेत प्रदान गरिएको थियो ।

सो कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष डा. बलराम पाठकले उत्कृष्ट कर्मचारी तथा शाखा कार्यालयका प्रवन्धकहरुलाई पुरस्कार प्रदान गर्नुहुँदै बैंकिङ्ग क्षेत्रमा नयाँ नयाँ प्रविधि र सोचको विकास भैरहेको सन्दर्भमा कर्मचारीहरुले दक्षतापूर्ण रुपले कार्य गर्नुपर्ने बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले लामो समयदेखि उत्कृष्ठ कार्य गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने गरेकाले कार्यसम्पादनमा यसको उपलब्धि देखिएको बताउनुभयो । कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु देवेन्द्ररमण खनाल र सरस्वती अधिकारी, उपकार्यकारी अधिकृतहरु विमल डंगोल, पवन रेग्मी र दुर्गा कुमारी कँडेल, रा.वा. बैंक कर्मचारी संघ नेपालका बरिष्ठ उपाध्यक्ष बद्रिप्रसाद तिमिल्सिना, नेपाल वित्तीय संस्था कर्मचारी संघ,रावा बैंकका अध्यक्ष इश्वरबहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन, रावा बैंकका उपाध्यक्ष जितेन्द्र राई लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो । ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख आनन्द सुवेदीले कार्यकम सञ्चालन गर्नुभएको थियो ।

## अन्तरवार्ता

राष्ट्रिय वाणिज्य बैंकको ५८ औं वार्षिकोत्सवको अवसरमा सर्वोत्कृष्ट कार्य गर्ने कर्मचारीको रुपमा सर्वोत्कृष्ठ बैंक पुरस्कार आ.व. २०७८/०७९ मा मानव संसाधन विभागका विभागीय प्रमुख श्री भीमप्रसाद घिमिरे र आ.व.२०७७/०७८ मा ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख श्री सरोज वस्नेतलाई प्रदान गरिएको छ । यसै सन्दर्भमा उहाँहरुसँग रा.वा.बैंक समाचारका लागि ईश्वर उप्रेतीले लिनु भएको संक्षिप्त अन्तरवार्ता ।



**भीमप्रसाद घिमिरे**
मुख्य प्रबन्धक
सर्वोत्कृष्ट बैंक पुरस्कार प्राप्त कर्मचारी


☞ सर्वप्रथम तपाइलाई राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५८ औं वार्षिकोत्सवको अवसरमा सर्वोत्कृष्ट कार्य गर्ने कर्मचारीको रुपमा सर्वोत्कृष्ठ बैंक पुरस्कार पाउनु भएकोमा बधाई छ । सर्वोत्कृष्ठ बैंक पुरस्कार पाउँदा कस्तो महशुस भईरहेको छ ?

❖ धन्यवाद ! सर्वोत्कृष्ट बैंक पुरस्कार पाउँदा आफुलाई राष्ट्रिय वाणिज्य बैंकको कर्मचारीको रुपमा गर्व महशुस एवं आफ्नो जिम्मेवारी अझ थप तथा चुनौतिपूर्ण महशुस गरेको छु ।

☞ यहाँले राष्ट्रिय वाणिज्य बैंकको सेवामा प्रवेश गरेपछि कुन-कुन कार्यालयमा रहेर कुन- कुन जिम्मेवारी बहन गर्नुभयो र कस्तो प्रकारको सम्पादनले सर्वोत्कृष्ठ बैंक पुरस्कार पाउन सहयोग पुग्यो जस्तो लाग्दछ ?

❖ मैले शुरुमा वि.सं. २०५७ जेष्ठ २ गतेबाट शाखा कार्यालय बाजुराबाट तह ५ को वरिष्ठ सहायक पदबाट बैकिङ्ग सेवा शुरुवात गरी शाखा कार्यालय बाजुरामा २०५७ देखि २०६१ सम्म रही शाखा कार्यालय बाजुराको शाखा सहायक प्रबन्धक तथा तत्कालीन शाखा कार्यलय कोल्टीको शाखा प्रबन्धकको रुपमा २०६२ सालमा तत्कालीन सहलेखा अधिकृत पदमा खुल्ला प्रतियोगितावाट छनौट भई शाखा कार्यालय डोटीमा शाखा प्रबन्धकको रुपमा २०६२ देखि २०६३ जेष्ठ सम्म, २०६३ आसार देखि २०६६ चैत्र सम्म शाखा कार्यालय नेपालगञ्जमा शाखा सहायक प्रबन्धकको रुपमा र २०६७ देखि हाल सम्म मानव संशाधन विभागको पदपुर्ति फाँट, उप प्रमुख हुँदै हाल विगत चार

बाँकी पृष्ट ६ ▶▶



**सरोज वस्नेत**
मुख्य प्रबन्धक
सर्वोत्कृष्ट बैंक पुरस्कार प्राप्त कर्मचारी

☞ सर्वप्रथम तपाइलाई राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५७ औं वार्षिकोत्सवको अवसरमा सर्वोत्कृष्ट कार्य गर्ने भएकोमा बधाई छ । सर्वोत्कृष्ठ बैंक पुरस्कार पाउँदा कस्तो महशुस भईरहेको छ ?

❖ धन्यवाद ईश्वरजी । सर्वोत्कृष्ट पुरस्कार पाउँदा खुशी लाग्नु स्वभाविक नै हो । देशै भर रहेका शाखा कार्यालय तथा प्रादेशिक कार्यालयहरुका कर्मचारीहरुको साथ र सहयोग, बैंक व्यवस्थापन, सञ्चालक समिति, नियामक निकाय, सरोकारवाला कार्यलयहरुको उचित मार्गनिर्देशन र सहयोगको कारण मैले पुरस्कार पाउँदा आगामी दिनमा झन बढी जिम्मेवारी थप भएको महशुश भएको छ ।

☞ यहाँले राष्ट्रिय वाणिज्य बैंकको सेवामा प्रवेश गरेपछि कुन-कुन कार्यालयमा रहेर कुन- कुन जिम्मेवारी बहन गर्नुभयो र कस्तो प्रकारको सम्पादनले सर्वोत्कृष्ठ बैंक पुरस्कार पाउन सहयोग पुग्यो जस्तो लाग्दछ ?

❖ २०६२ साल बैशाख २ गते सहायक प्रबन्धकको रुपमा बैंकको सेवामा प्रवेश गरेपछि हालको गण्डकी प्रादेशिक कार्यालय साविक क्षेत्रीय कार्यालय पोखरामा कर्जा असुली इन्चार्ज, कर्जा इन्चार्ज, २०६३ साल माघमा नयाँ स्थापना भएको शाखा कार्यालयको शाखा प्रवन्धक, कलंकी, टेकु, ललितपुर, महाराजगञ्ज, कर्पोरेट शाखामा शाखा प्रबन्धकको जिम्मेवारी वहन गरें भने ब्रान्च अपरेशन विभाग, मार्केटिङ्ग विभाग, र हाल कर्जा अनुगमन तथा असुली विभागमा विभागीय प्रमुखको जिम्मेवारीमा रहेको छु ।

बैंक उच्च व्यवस्थपनवाट तय गरिएको कार्य लक्ष्यलाई आफुले पाएको जिम्मेवारीमा आफु र मातहतका कर्मचारीहरुँगको समन्वय सहकार्यवाट, बैंक उच्च व्यवस्थापनबाट प्राप्त मार्गनिर्देशन, विभिन्न ग्राहकहरुसँगको सहकार्यवाट

बाँकी पृष्ट ६ ▶▶

**सुझाव तथा प्रतिक्रियाको लागि:** यस समाचारलाई उपयोगी हुने बैंकका गतिविधि, लेख, रचना, प्रतिक्रिया, सुझाव लगायतका सामग्री निम्न ठेगानामा प्रेषित गर्नुहुन अनुरोध छ । -सम्पादक
ई-मेल: rbbnl@rbb.com.np, फोन: ०१-४२५२९९५, Ext. २४२३

# राष्ट्रिय वाणिज्य बैंकद्वारा Loan Automation System लागू



**काठमाडौं, ३१ असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड डिजिटल बैंकिङ्ग तर्फ गइरहेको अवस्थामा कर्जा सम्बन्धी कार्यलाई पनि अभौतिक रुपमा सम्पन्न गर्न लोन अटोमेशन प्रणाली २०८० साउन १ गतेबाट पूर्ण रुपमा लागू गरेको छ ।

यो प्रणाली लागू भएपछि शाखाहरुबाट कर्जा स्विकृतिका लागि प्रादेशिक कार्यालय तथा केन्द्रीय कार्यालयमा आउने फाइलहरु सबै डिजिटल प्रणाली मार्फत आउने छन् र केन्द्रीय कार्यालय तथा प्रादेशिक कार्यालयले फाइल स्विकृति भएको पत्र यसै प्रणाली मार्फत नै पठाउने छ । यसबाट कर्जा स्विकृतिका प्रक्रियाहरु छिटो हुने, निर्णय पारदर्शी हुने, कर्जाको गुणस्तरिता कायम हुने, ग्राहक सेवामा सुधार हुने, कागजात सुरक्षित रहने, मितव्ययी भई बैंकको व्यवसायीक कार्य सम्पादनमा थप सुधार हुने अपेक्षा राखिएको कर्जा प्रशासन विभागका विभागीय प्रमुख ब्रजमोहन अधिकारीले बताउनुभयो ।

यसका लागि तालिम तथा सिकाइ विभागको आयोजना तथा कर्जा प्रशासन विभागको समन्वयमा कर्जामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई लक्षित गरी लोन अटोमेशन प्रणाली तालिम प्रदान गरिएको छ । काठमाडौं, इटहरी, भरतपुर र कोहलपुरमा गत बैशाख र जेठ महिनामा सञ्चालन गरिएको उक्त तालिममा केन्द्रीय कार्यालय कर्जा विभागमा कार्यरत कर्मचारी, प्रादेशिक कार्यालयमा कार्यरत कर्मचारी, शाखा प्रबन्धक, शाखा सहायक प्रबन्धक र अन्य कर्मचारी गरी ७३६ कर्मचारीहरुलाई तालिम प्रदान गरिएको तालिम तथा सिकाइ विभागका विभागीय प्रमुख पद्मा लक्ष्मी जीसीले बताउनुभयो ।

उक्त तालिममा बैंकका उपकार्यकारी अधिकृत दुर्गा कुमारी कँडेल, विभागीय प्रमुखहरु सरोज वस्नेत, ब्रजमोहन अधिकारी, प्रादेशिक प्रबन्धक दिपकराज न्यौपाने, ऋषिराम ढकाल, प्रबन्धक शेखरराज शर्मा लगायतले विषयगत प्रशिक्षण प्रदान गर्नुभएको थियो । कार्यक्रममा प्रादेशिक प्रबन्धकहरु गणेशचन्द्र पौडेल, प्रमोद अधिकारी, शिवप्रसाद चालिसे, राजेन्द्र आचार्य अगायतको उपस्थिति रहेको थियो ।

# बैंक र नलगाड नगरपालिका बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता



**काठमाडौं, २५ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र जाजरकोट जिल्लाको नलगाड नगरपालिका बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नलगाड नगरपालिकाका नगर प्रमुख डम्वरबहादुर रावतले हस्ताक्षर गर्नुभएको छ ।

सम्झौता पछि नगरपालिकाले आफ्नो क्षेत्र भित्र उद्यम तथा व्यवसाय गर्न चाहने व्यक्तिलाई परामर्श र उद्यमशीलता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गर्ने गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने छ र सोही उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गत कर्जा लगानी गर्ने छ । सम्झौताले नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी भएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५(संशोधन समेत) अर्न्तगत को कर्जा कार्यान्वयनमा सहयोग पुऱ्याउने विश्वास लिइएको छ ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले यो सम्झौताले कर्णाली प्रदेशमा बैंकले प्राथमिकताका साथ सहुलियतपूर्ण कर्जा लगानी गरेको बताउनुभयो । नलगाड नगरपालिकाका नगर प्रमुख डम्वरबहादुर रावतले नगर क्षेत्र कृषिको पकेट क्षेत्र भएकाले कृषि उत्पादनमा सहयोग पुग्ने बताउनुभयो । कर्णाली प्रदेशका पूर्व मन्त्री गणेशप्रसाद सिंहले बैंकको सहुलियतपूर्ण कर्जाले जनताको जीवनस्तर उकास्ने बताउनुभयो । उक्त कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले बैंकले राज्यले अबलम्बन गरेको सहुलियतपूर्ण कर्जा प्रवाहको पृष्ठभूमिको बारेमा बताउँदै उत्पादन, रोजगारी र आय श्रृजना गरी आर्थिक विकासमा योगदान पुऱ्याइरहेको बताउनुभयो । उक्त कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतहरु विमल डंगोल, दुर्गाकुमारी कँडेल, विभागीय प्रमुखहरु सरोज वस्नेत, अच्युत गौतम, उपप्रबन्धक राजन घिमिरेको उपस्थिति रहेको थियो । कृषि तथा सामाजिक बैंकिङ्ग विभागका विभागीय प्रमुख ऋषभ भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# बैंक र नेपाल टेलिभिजन बीच सम्झौता



**काठमाडौं, २१ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल टेलिभिजन बीच २०८० सालको लागि व्यवसाय प्रवर्द्धनका निमित्त TVC प्रसारण गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष समिरजङ्ग शाहले हस्ताक्षर गर्नुभएको छ । सम्झौता पछि राष्ट्रिय वाणिज्य बैंकले उपलब्ध गराएको TVC नेपाल टेलिभिजनबाट दैनिक १६ पटक समाचार अगाडि तथा बीचमा प्रसारण गर्नेछ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सम्झौता पश्चात दुबै संस्थाको व्यवसाय बृद्धि तथा सरकारको नीति तथा कार्यक्रमको कार्यन्वयनमा थप सघाउ पुग्ने विश्वास व्यक्त गर्दै वित्तीय साक्षरता लगायतको कार्यक्रमलाई टेलिभिजन मार्फत नागरिकमा पुऱ्याउन सहयोग पुग्ने बताउनुभयो । नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष समिरजङ्ग शाहले दुबै सरकारी संस्थाको धेरै अवस्था मिल्ने बताउँदै राष्ट्र र जनताप्रतिको दायित्व पूरा गर्न सहयोग पुग्ने बताउनुभयो । उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका उपकार्यकारी अधिकृत विमल डंगोल, विभागीय प्रमुख अच्युत गौतम, कम्पनी सचिव हेमराज खरेल, नेपाल टेलिभिजनका व्यापार महाशाखा प्रमुख राजकुमार थापा लगायत दुबै संस्थाका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय वाणिज्य बैंक मार्फत विदेशबाट अब निशुल्क मनी ट्रान्सफर गर्न सकिने, अब बैंक जानु पर्दैन, केही मिनेटमै डिपोजिट, उत्कृष्ट विनिमय दर प्रदान




**काठमाडौं, २२ साउन**

उत्कृष्ठ बैंकिङ्ग सेवा प्रवाह गर्दै आइरहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले आफ्ना ४० लाख भन्दा बढी ग्राहकलाई डिजिटल बैंकिङ्ग मार्फत नयाँ नयाँ सुविधाहरु दिदै आइरहेको छ। बैंकले आफ्नो वेवसाइट, मोवाईल बैंकिङ्ग (डिजिटल संसार) तथा ईन्टरनेट बैंकिङ्गको पोर्टलमा रहेको **RBB Request Remit** बाट सजिलै अमेरिका, अष्ट्रेलिया, युरोप, गल्फ लगायत विश्वको जुनसुकै देशमा बस्ने व्यक्तिले एक क्लिकमा नेपालमा रेमिट्यान्स पठाउन सकिने **RBB Request Remit** सुविधा सञ्चालनमा ल्याएको छ। यो सुविधा अन्तर्गत विश्वको जुनसुकै देशमा रहेका व्यक्तिले आफ्नो क्रेडिट कार्ड, डेबिट कार्ड, बैंक डिपोजिट, अनलाइन बैंकिङ्ग र ट्रान्सफर प्रयोग गरी बैंकको **RBB Request Remit** पोर्टलको Send Remit मार्फत रकम पठाउन सक्नेछन् । साथै, नेपालमा बस्ने व्यक्तिले पनि विदेशमा बस्ने आफन्तलाई रकमका लागि यो पोर्टल मार्फत अनुरोध गर्न सक्नेछन् । यसरी रकम पठाउँदा ग्राहकलाई कुनै पनि शुल्क लाग्ने छैन भने रेमिट्यान्स पठाएको केही मिनेटमै नेपालमा रहेको बैंक खातामा (ग्राहकले भरेको) रकम डिपोजिट हुनेछ, ग्राहकले विनिमय सटही दर पनि हेर्न सक्ने भुक्तानी तथा फर्स्यौट विभागका विभागीय प्रमुख ऋषिराम ढकालले बताउनुभयो ।

राष्ट्रिय वाणिज्य बैंक र ललित मनि ट्रान्सफरको सहकार्यमा यस्तो सुविधाको व्यवस्था भएको हो । यस कार्यकालागि ललित मनि ट्रान्सफरको विदेशी साझेदारी अनलिमिटेड रेमिटसँग रहेको छ । ग्राहकहरुले सुरक्षीत रुपमा बैंकको वेवसाइट (www.rbb.com.np), मोवाईल बैंकिङ्ग (डिजिटल संसार), तथा ईन्टरनेट बैंकिङ्गको पोर्टल https://smartbanking.rbb.com.np/#/ login वा सोझै https://www.rbb.com.np/content/rbb-request-remit माध्यमबाट बिना झन्झट एकै क्लिक गरी घरमै बसेर पठाउने र पाउने दुवैले रेमिटान्स सुविधाको उपयोग गर्न सक्नेछन् । न त बैंक नै जानुपर्ने न त अन्यत्रै धाउनुपर्ने । आफ्नो भनेको आफ्नै हुन्छ । माया गर्ने आफ्नैले त हो नी । तपाईंको आफ्नै बैंक राष्ट्रिय वाणिज्य बैंक ।

**अन्तरवार्ता ...**

वर्षदेखि मानव संशाधन विभागको विभागीय प्रमुखको रुपमा कार्यरत रहेको छु ।

बैंकमा सम्पादन गरिने कार्यलाई अति महत्वपूर्ण तथा कोभिडको समयमा पनि संवेदनशिल रुपमा लिई बैंकका कार्यालयहरुमा कर्मचारी व्यवस्थापन गर्न सफल आर्थिक वर्ष २०७७/०७८ को बैंकको ठूलो संख्याको पदपूर्ति प्रकृयालाई सहज तरिकाले सम्पन्न गर्न सहयोग पुऱ्याएको तथा बैंक व्यवस्थापन र क्रियाशिल युनियनहरुको बीचमा सुमधुर औद्योगिक सम्बन्ध कायम राख्न सकेकाले यो पुरस्कार पाउन सहयोग पुगेको महशुस भएको छ ।

☞ पुरस्कारको गरिमा कायम राखिराख्न याहाँले भविष्यमा कसरी कार्य गर्ने योजना बनाउनु भएको छ ?

❖ बैंकले प्रदान गर्न उच्च स्तरको पुरस्कार पाउन सफल भए पश्चात मेरो काँधमा थप जिम्वोरी थपिएको महशुस भएको छ । बैंकको प्रत्येक कार्यलाई अति महत्व र जिम्मेवारीका साथ प्राथमिकिकरण गरी कार्य गर्नेछु । उच्च प्राथमिकतामा रहेका कार्यलाई तत्काल योजनाबद्ध ढङ्ले उच्च व्यवस्थापनको मार्गदशन अनुसार कार्य गर्नुछु साथै, अन्य विषयलाई पनि अति महत्वका साथ सम्पादन गर्ने योजनाका साथ कर्म गर्नेछु ।

☞ अहिले बैंकमा पुराना र नयाँ कर्मचारीहरुको मिश्रण छ । यस्तो अवस्थामा बैंक कर्मचारीहरुलाई उत्कृष्ठ कार्यसम्पादन गर्नकालागि कसरी कार्य गर्ने सुझाब दिन चाहनुहुन्छ ?

❖ बैंकमा करिब औसत सेवा अवधि ७ वर्ष तथा औसत उमेर ३४ वर्षका कर्मचारहिरु कार्यरत रहेका छन् । नयाँ पुस्ताका कर्मचारीको इच्छा तथा चाहना पुरानो पुस्ताको भन्दा अलि फरक देखिएको छ । नयाँ पुस्तामा चाँडै अवसर प्राप्त हुनु पर्ने तथा छिटो छिटो उपलब्धि प्राप्त हुनुपर्ने जस्ता इच्छा चाहना हुँदोरहेछ । म सम्पूर्ण कर्मचारी साथीहरुलाई कुनै पनि कुरा प्राप्त गर्न धैर्य गर्नु पर्छ । व्यवस्थापनले कर्मचारीको मुल्याङ्न विभिन्न दृष्टिकोणबाट गरिरहेको हुन्छ । उत्कृष्ठ कार्यसम्पादन गर्ने कर्मचारी अवश्य पुरस्कृत हुने नै छ । आज म बैंक सेवा प्रवेश गेको करिव २३ वर्ष पछि मात्र यो पुरस्कार प्राप्त गर्न सफल भएको छु । सम्पूर्ण कर्मचारी साथीहरुलाई नैतकवान भई धैर्यतासाथ कार्य गर्न तथा बैंक मेरो हो यहाँ मैले नै काम गर्नु पर्छ भन्ने मनन गरेर कार्य गर्न सुझाव दिन चाहन्छु ।

अन्त्यमा, मलाई यस बैंकको सर्वोत्कृष्ट बैंक पुरस्कारको लागि छनौट गर्नु भएकोमा बैंक सञ्चालक समिति, उच्च व्यवस्थापन तथा ट्रेड युनियनका साथीहरु, काममा सँधै सहयोग गर्ने सम्पूर्ण बैंक कर्मचारी मित्रहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

**अन्तरवार्ता ...**

निर्धारित लक्ष्य प्राप्त हुने गरी योजनावद्ध रुपमा कार्यसम्पादन गर्दा सर्वोत्कृष्ट पुरस्कार प्राप्त गर्न सहयोग मिलेजस्तो लाग्छ ।

साथै कोभिडको समयमा राष्ट्रिय बाणिज्य बैंक लि.का सबै शाखा कार्यालयहरुका शाखा प्रवन्धक एवम् कर्मचारीहरु, प्रादेशिक कार्यालयका प्रमुख एवम् कर्मचारीहरु, विभागका विभागीय प्रमुखहरु एवम् कर्मचारीहरुको मेहेनत, साथ सहयोग र उच्च व्यवस्थापनको मार्गनिर्देशनवाट देशभर रहेका शाखाहरु सञ्चालन, नियमाक निकायसँगको सहकार्य, सुरक्षा निकायसँगको सहकार्य सशस्त्र प्रहरीको वचत खाता सञ्चालन तथा नेपाली सेनाँगको कर्जा तथा बैंकिङ्ग कारोवार आदि कार्यहरु ब्रान्च अपरेशन विभागवाट भएको कार्य सम्पादनको मुल्याङ्कनवाट नै पुरस्कार प्राप्त भएकाले आम कर्मचारीहरुले नै यो पुरस्कार प्राप्त गर्नु भएको भन्न चाहन्छु ।

☞ पुरस्कारको गरिमा कायम राखिराख्न याहाँले भविष्यमा कसरी कार्य गर्ने योजना बनाउनु भएको छ ?

❖ बैंकको नीति तथा कार्यक्रम वमोजिम बैंक व्यवस्थापनले दिएको जिम्मेवारीमा बैंक व्यवस्थापन, विभागहरु, प्रादेशिक कार्यालयहरु, शाखा कार्यालयहरुसंगको समन्वय आफुमातहतका कर्मचारीहरुसंगको सहकार्य तथा बैंक उच्च व्यवस्थापनको निर्देशन अनुरुप कार्य सम्पादन गरी आफुले जिम्मेवारी वहन गरेको विभागको कार्य योजना वमोजिम इमान्दारीपूर्वक कार्य सम्पादन गर्ने योजना रहेको छ ।

☞ सरकारी बैंकका कर्जा असुली पक्ष सन्तोषजनक छैन भन्ने आम मानसिकता छ । यस्तो अवस्थामा बैंक कर्मचारीहरुलाई उत्कृष्ठ कार्यसम्पादन गर्न कसरी कार्य गर्ने सुझाब दिन चाहनुहुन्छ ?

❖ बैंकको विगतवर्षहरुको वित्तीय विवरणलाई हेर्दा सरकारी बैंकका कर्जा असुली पक्ष सन्तोषजनक नै छ । हाम्रो बैंकलाई नै हेर्दापनि विगतवर्षहरुको तुलनामा खराव कर्जाको अंश कम हुदै गइरहेको र अहिले सन्तोषजनक रुपमा नै देखिन्छ । यद्यपी नाफा, निक्षेप संकलन, कर्जा लगानीको सुचकलाई हेर्दा यो नकरात्मक सुचकको रुपमा अलि वढी नै छ । यद्यपी सुधारोन्मुख नै छ । मुलुकको आर्थिक अवस्थामा आएको संकुचनले सबै बैंक तथा वित्तीय संस्थाहरुको असुलीमा प्रभाव त परेको छ तर पनि बैंकको असुली सन्तोषजनक नै रहेको भन्न सकिने अवस्था छ ।

☞ यस्तो अवस्थामा बैंक कर्मचारीहरुलाई उत्कृष्ठ कार्यसम्पादन गर्न कसरी कार्य गर्ने सुझाब दिन चाहनुहुन्छ ?

❖ बैंकको नीति कार्यक्रम, बजेटवाट जुन लक्ष्य तय गरिएको हुन्छ सो लक्ष्य हासिल गर्न वर्षको शुरुवातदेखि नै कार्ययोजना बनाई कार्य सम्पादन गर्दा लक्ष्य हासिल गर्न सकिनेछ । आफनो टिममा रहेका सवै कर्मचारीहरुको सामुहिक प्रयासले मात्र लक्ष्य हासिल गर्न सकिने भएकोले एकअर्काप्रति विश्वास समन्वय गर्दै बैंक व्यवस्थापनवाट भएको निर्देशन, बैंकको नीति, नियम, निर्देशिका, परिपत्र वमोजिम ग्राहक सेवामा ध्यान दिने, वार्षिक रुपमा बैंकले तय गरेको वजेट तथा कार्यक्रमबाट प्राथमिकतामा राखेको विषयलाई मनन गरी इमान्दारीपूर्वक कार्य सम्पादन गर्न सुझाव दिन चाहन्छु ।

युनियन गतिविधि

# रा.वा. बैंक कर्मचारी संघ नेपालको ३४ औं वार्षिकोत्सब विविध कार्यक्रमका बीच सम्पन्न




**काठमाडौं, ६ साउन**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको ३४ औं वार्षिकोत्सव कार्यक्रम विविध कार्यक्रमका बीच शनिबार सम्पन्न भएको छ। नेकपा एमालेका महासचिव शंकर पोखरेलले एक समारोहका बीच ३४ औं वार्षिकोत्सब मुल कार्यक्रमको समुदघाटन गर्नुभयो। सो अवसरमा महासचिव पोखरेलले उत्कृष्ठ कार्यसम्पादनमा आफ्नो क्षमता प्रमाणित गरी सकेका संस्थानहरुका कर्मचारीको सेवा सुविधा बृद्धिमा सरकारले सहयोगपूर्ण रुपमा हेर्ने नीति लिनुपर्ने बताउनुभयो।

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेयको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पाण्डेयले कर्मचारीहरुको तर्फबाट उचित ढङ्गले राखिएका सम्पूर्ण मागहरु व्यवस्थापनले सम्बोधन गर्नुपर्ने बताउनुभयो। सो कार्यक्रममा पेशागत महासंघ नेपालका अध्यक्ष पुण्यप्रसाद ढकालेले आफ्नो हक हितको लागि सम्पूर्ण पेसाकर्मीहरु एक हुनुपर्ने बताउनुभयो। सो कार्यक्रममा बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ (BIFU) नेपालका राष्ट्रिय समितिका अध्यक्ष धर्मराज मैनाली, प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, कर्मचारी संघ नेपालका पूर्व अध्यक्ष शिवकुमार अधिकारी, नेपाल वित्तीय संस्था कर्मचारी संघ रावा बैंकका अध्यक्ष ईश्वर बहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन रावा बैंकका अध्यक्ष दिपेन्द्र कार्कीले शुभकामना मन्तब्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा पेसागत हक, हित तथा सस्थाको सम्बर्द्धनका बिषयमा ब्यापक रुपमा विषयहरु उठान गरिएको थियो।

कर्मचारी संघ नेपालका महासचिव रबिन्द्रप्रसाद चौलागाईंले सञ्चालन गर्नुभएको सो कार्यक्रममा बरिष्ठ उपाध्यक्ष बद्रीप्रसाद तिमिल्सनाले स्वागत मन्तब्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा नेकपा एमाले उपत्यका विशेष प्रदेश कमिटीका अध्यक्ष प्रेमकुमार पराजुली, बैंक सञ्चालक समितिका अध्यक्ष डा.बलराम पाठक, संघका पूर्व अध्यक्षहरु, विभिन्न प्रतिष्ठानस्तरका ट्रेड युनियनका अध्यक्षहरु, बैंकका नायब प्रमुख कार्यकारी अधिकृत, उपकार्यकारी अधिकृतहरुहरु, विभागीय प्रमुखहरु, शाखा प्रबन्धकहरु, संघका पदाधिकारीहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो। वार्षिकोत्सवको अवसरमा रा.वा. बैंकको केन्द्रीय कार्यालय परिसरमा लक्ष्मीप्रसाद पाण्डेयले संघको झण्डोत्तलन र वृक्षारोपण गर्नुभएको थियो। संघका विभिन्न प्रदेश समितिहरुमा समेत विविध कार्यक्रम गरी वार्षिकोत्सव कार्यक्रम मनाइएको छ। साउन ४ गते आयोजित रक्तदान कार्यक्रममा ७१ जना बैंक कर्मचारीहरुले रक्तदान गर्नुभएको थियो। कार्यक्रममा गण्डकी प्रादेशिक समितिलाई कार्यसम्पादन मुल्याङ्कनमा उष्कृष्ठ भएपावत रनिङ्ग शिल्ड प्रदान गरिएको थियो। साथै, सो अवसरमा म्युजिकल चेयर खेल प्रतियोगिता सञ्चालन गरिएको थियो। सो खेलमा प्रथम बसन्ता पन्थी, द्धितीय भावना शर्मा र तृतीय गंगा भुर्तेल हुनुभएको थियो। वार्षिकोत्सवको अवसरमा राविया नेपाल रिलिफ फण्डको सहयोगार्थ शनिवार काठमाडौंमा राविया सांस्कृतिक साँझ-२०८० समेत आयोजना गरिएको थियो।

**वेवसाइटको उद्घाटन**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालले आफ्ना युनियन गतिविधिहरुलाई संसारभरिबाट हेर्न सकिने गरी वेव साइटको शुभारम्भ गरेको छ। www.rabbea.org.np डोमेन रहेको वेवसाइटको उद्घाटन पेशागत महासंघ नेपालका अध्यक्ष पुण्यप्रसाद ढकालले गर्नुभएको छ।

## तालिम विदेश

- Madinat Jumeirah, Dubai मा सञ्चालन भएको Dubai Fintech Summit-2023 मा मिति 2023 May 8-9 सम्म मुख्य प्रवन्धक (सु.प्र.) रिको स्थापित(१०८७४) ले भाग लिनु भएको छ।
- KFA ले Central Bank of Sri Lanka(Center for Banking Studies) सँगको सहकार्यमा श्रीलंकाको कोलम्बोमा सञ्चालन गरेको Achieving Excellence in Branch Management विषयक तालिम कार्यक्रममा मिति 2023 May 2-4 सम्म तपसिल बमोजिमका कर्मचारीहरुले भाग लिनु भएको छ।

१. बरिष्ठ प्रबन्धक(सु.प्र.) रविन्द्र जोशी (११३८२)
२. प्रबन्धक सरोज कोइराला (१११००)

- DZ Cards Thailand ले World Distriburion Nepal Pvt. Ltd.(WDN) सँगको सहकार्यमा थाइलैण्डको बैंककमा सञ्चालन गरेको Workshop and Industrial Visit विषयक कार्यक्रममा मिति 2023 May 10-14 सम्म तपसिल बमोजिमका कर्मचारीहरुले भाग लिनु भएको छ।

१. बरिष्ठ प्रबन्धक(सु.प्र.) गगनसिंह घिमिरे (११३८७)
२. प्रबन्धक(सु.प्र.) हेमन्त बहादुर जी.सी. (११३९३)
३. प्रबन्धक(सु.प्र.) आनन्द नारायण चौधरी. (११३८४)
४. सहायक प्रबन्धक(ईन्जिनियर) टिना कावा (१२५५०)

- National Banking Institute Ltd.ले Asian Institute of Technology(AIT) सँगको सहकार्यमा थाइलैण्डको बैंककमा सञ्चालन गरेको Executive Development Program on Contemporay Banking विषयक तालिम कार्यक्रममा मिति 2023 Jun 5-9 सम्म तपसिल बमोजिमका कर्मचारीहरुले भाग लिनु भएको छ।

१. प्रबन्धक पुष्पा कुमारी खनाल (१२२१८)
२. प्रबन्धक(सु.प्र.) रमेश सुवाल (११२९९)
३. प्रबन्धक(सु.प्र.) विमलप्रसाद जोशी (११३९८)
४. प्रबन्धक(सु.प्र.) शेखरराज शर्मा (११३९७)
५. प्रबन्धक शंकरप्रसाद रेग्मी (११०७६)
६. प्रबन्धक कपिलकुमार कार्की (११०८६)
७. प्रबन्धक गणेश खत्री (११०८५)

# नेपाल वित्तिय संस्था कर्मचारी संघको तालिम सम्पन्न



**विराटनगर, ९ असार**


नेपाल वित्तिय संस्था कर्मचारी संघ(फियन) राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको तालिम विभागद्धारा आयोजित "Trade Union Leadership Develepment Motivation & Women Empowerment" विषयक तालिम सम्पन्न भएको छ।

तालिम विभागका प्रमुख तथा सघका बरिष्ठ उपाध्यक्ष मिलनबाबु नेपालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथी कोशी प्रदेश सभाका माननिय सांसद केदार कार्कीले नेतृत्व विकास सम्बन्धि मन्तब्य राख्नु भएको थियो। संघका केन्द्रीय अध्यक्ष ईश्वरवहादुर सिंहले आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो। तालिमको सफलताको शुभकामना उपस्थित शाखा प्रबन्धकहरुले दिनुभएको थियो। संघका महासचिब सुदिन के.सी.ले कार्याक्रम सञ्चालन गर्नुभएको थियो भने स्वागत मन्तब्य संघका प्रादेशिक अध्यक्ष राहुल कर्णले दिनुभएको थियो। तालिममा ट्रेड युनियन तथा नेतृत्व विकास सम्बन्धि तालिम नेपाल राष्ट्र बैंकका उप निर्देशक डा. सञ्जय मिश्रले दिनुभएको थियो भने महिला सशक्तिकरण विषयमा नेपाल सरकारका उपसचिव प्रज्ञा निरौलाले तालिम प्रदान गर्नु भएको थियो। उत्प्रेरणा सम्बन्धि तालिम JCI नेपालका National Training commissioner सुनिल तिम्सिनाको टिमबाट दिइएको थियो। ७० जनाको सहभागिता रहेको तालिममा संघका पूर्व अध्यक्ष गगनसिंह घिमिरे, विभिन्न शाखाका शाखा प्रबन्धक, महिला विभाग प्रमुख सपना शाही, उपमहासचिव लसता श्रेष्ठ, केन्द्रीय तथा प्रादेशिक युनियनका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
वर्ष ३० अंक ४ वैशाख – असार २०८० Year 30 Vol 4 May 2023 - July 2023

## राष्ट्रिय वाणिज्य बैंकद्वारा राष्ट्रिय क्रिकेट टिमका खेलाडी तथा अफिसियलहरू सम्मान

# प्रति खेलाडी एक लाख रुपैंया नगद प्रदान



**काठमाडौं, ८ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले नेपाली राष्ट्रिय क्रिकेट टोलीको योगदानको उच्च सम्मानार्थ तथा अझै उच्च सफलता हासिल गर्न उत्प्रेरणा प्रदान गर्नका लागि राष्ट्रिय क्रिकेट टिमका खेलाडी तथा टिम अफिसियलहरुलाई एक समारोहकाबीच सम्मान गरेको छ । हाले सम्पन्न एसीसी प्रिमियर कप २०२३ को विजेता भएको राष्ट्रिय क्रिकेट टिमका १८ जना खेलाडीहरुलाई जनही एक लाख रुपैंया र ८ जना टिम अफिसिलयलहरुलाई जनही ५० हजार रुपैंया नगद बैंकले प्रदान गरेको छ । नेपालले हालै सम्पन्न डिभिजन २ को प्रतियोगितामा उत्कृष्ठ प्रदर्शन गरी विश्वकप छनौट खेलमा सहभागी हुने अवसर पाएको तथा अन्तर्राष्ट्रिय एकदिवसीय क्रिकेट खेल्ने मान्यता कायम राख्न सफल भएको छ ।

कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष एवं प्रमुख अतिथि डा. बलराम पाठकले खेलाडी तथा टीम अफिसिलयहरुलाई सम्मान गर्दै नेपाललाई विश्वमा चिनाउने क्षेत्रमा क्रिकेट पनि थपिएको बताउँदै आगामी दिनमा पनि सहयोग गर्न सकिने बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले अन्तर्राष्ट्रिय रुपमा क्रिकेले राष्ट्को नाम उच्च बनाएको यो क्षण गौरबपूर्ण भएको बताउँदै अन्य खेलकुदलाई पनि बैंकले सहयोग गरको बताउनुभयो । क्रिकेट एशोसिएसन अफ नेपाल( क्यान) का अध्यक्ष चतुरबहादुर चन्दले अन्तराष्ट्रिय रुपमा नेपालको नाम क्रिकेटले चिनाएको बताउँदै बैंकको सहयोगले आगामी दिनमा अगाडि बढ्न हौसला पुगेको बताउनुभयो । राष्ट्रिय क्रिकेट टिमका कप्तान रोहित पौडेलले देशको लागि खेल्ने मेरो सपना त वास्तवमा हामी सबैको सपना रहेछ, पूरा गर्न पाएकोमा खुशी लागेको बताउनुभयो । कार्यक्रम मार्केटिङ्ग विभागका विभागीय प्रमुख अच्युत गौतमले सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रममा बैंक सञ्चालक समितिका सदस्यहरु, नायव प्रमुख कार्यकारी अधिकृतद्वय देवेन्द्ररमण खनाल र सरस्वती अधिकारी, उपकार्यकारी अधिकृतहरु देवेशप्रसाद लोहनी, विमल डंगोल, पवन रेग्मी, विनयरमण पौडेल, दुर्गा कुमारी कँडेल, रा.वा.बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय, नेपाल वित्तीय संस्था कर्मचारी संघ, रा.वा.बैंकका अध्यक्ष ईश्वरबहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन, रा.वा. बैंकका उपाध्यक्ष जितेन्द्र राई, विभागीय प्रमुखहरु, प्रादेशिक प्रबन्धक, मुख्य शाखा कार्यालयका प्रबन्धक, कर्पोरेट शाखाका प्रबन्धक लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## ब्राञ्च प्रोफाइल

### (आ.व. २०७८।०७९ को सर्वोत्कृष्ठ शाखा)

### शाखा कार्यालय बिराटनगर (२१२)



कुल निक्षेप = रु. २,७५,८४,९३,८८९।०५
कुल कर्जा= रु. ४,१३,२१,२४,३८८।१८
कुल मुनाफा= रु. २२,७५,५८,३२१।०८
कुल ग्राहक संख्या=२९८५६ जना
कुल कर्मचारी संख्या= १७ जना
खराव कर्जा प्रतिशत = ०.७३ प्रतिशत
शाखा प्रबन्धक हेमराज मरहट्टा
शाखा कार्यालयको स्थापना मिति= वि.सं. २०२२ माघ १० गते
प्रति कर्मचारीः
क.निक्षेप = रु. १६,२२,६४,३४६।४१
ख.कर्जा = रु. २४,३०,६६,१४०।४८
ग.नाफा = रु. १,३३,८५,७८३।९२

**सफलताको रहस्य :**

सामुहिक तथा सांगठनिक कर्तव्यबोध,अनुशासित जनशक्ति, कुशल तथा प्रभावकारी शाखा नेतृत्व, कर्मचारीहरु बीचको एकता एवं सहकार्य उच्च मनोवल तथा ग्राहक मैत्री व्यबहार, उपलब्ध साधन तथा श्रोतको उच्चतम उपयोग, ग्राहकवर्गको बैक प्रतिको विश्वास, प्रादेशिक तथा केन्द्रीय कार्यालयहरुबाट हरहमेशा सहयोग, समन्वय, अनुगमन, निर्देशन तथा मार्गदर्शन, विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयहरु, स्थानीय सरकारहरु, विभिन्न सरकारी तथा निजी विद्यालयहरु लगायत अन्य संघ सस्थाहरुको यस बैक प्रतिको सकारात्मक दृष्टिकोण एवं सहयोग आदि ।

## समवेदना

यस बैंकका शा.का. दिक्तेलमा कार्यरत ब.स. कृष्णकुमार राई( १०७६१) की पत्नी चन्द्रकुमारी राई, शा.का. मिर्चैयामा कार्यरत सहायक जयप्रकाश साह (८९३२) की माता रुकमा देबी साह, के.का. मानव संशाधन विभागमा कार्यरत सहायक प्रबन्धक मनिषा सिजापती (१२५३४) का ससुरा रुद्रबहादुर पाण्डे, शा.का. मौलापुरमा कार्यरत अन्जना कुमारी राय (१३४३३) का ससुरा भोलानाथ अमात, शा.का. फिक्कलमा कार्यरत सहायक प्रबन्धक राजकुमार सिटौला (१३२५७) का पिता लेखनाथ सिटौला, के.का. सामान्य सेवा विभागमा कार्यरत सवारी चालक महाबल चिडिमार (१२२१३) का पिता मनौवा चिडिमार, शा.का. पुर्तिघाटमा कार्यरत सहायक रामहरि न्यौपाने (१२८८०) का पिता हिमलाल न्यौपाने, शा.का. गाइघाटमा कार्यरत सहायक उदिपकुमार सिंह (११७१९) का पिता जागेश्वर सिंह थारु, शा.का.दैलेखमा कार्यरत सहायक प्रबन्धक मिना शर्मा (१२०३७) का सासु गुना देबी जोशी, शा.का. बलवाबजारमा कार्यरत ब.स. संजय शर्मा (११६६८) का पिता शेषनाथ शर्मा, शा.का. बनेपामा कार्यरत सहायक प्रबन्धक विनय श्रेष्ठ (१३३११) का पिता नविनकुमार श्रेष्ठ, शा.का. मुगुमा कार्यरत ब.स. रेखा चनरा (१३५२२) का पिता डिल्ली बहादुर चनरा, शा.का.बेनीबजारमा कार्यरत सहायक विश्वनाथ पौडेल (९२३३) का का पिता लिलाधर उपाध्याय पौडेल को केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Debesh Prasad Lohani, DEO & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: Adarsha Chapakhana, Bhaktapur